आज मिति २०८२ साल भदौ २८ गतेका दिन यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह वम | |

**निर्णय नं. १** माथि छलफल गर्दा यस रास्कोट नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष मनिराज बराल मिति २०८२/०५/१८ गते बेलुकाबाट घर परिवार र आफन्तको सम्पर्कमा नभई बेपत्ता भएकाले उहाँको खोजि कार्यमा सबैलाई सहयोगको लागि अपिल गर्ने र भावविहिल घरपरिवारलाई शान्तवना दिन आवश्यक सहयोग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २** माथि छलफल गर्दा मिति २०८२/०५/२३ र २४ गते भएको जेन्जी आन्दोलनमा सहादत प्राप्त गर्ने युवाहरु प्रति हार्दिक श्रदाञ्जली अपर्ण गर्दौछौ । साथै मृतक परिवारजनमा समवेदना प्रकट गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौ । उक्त आन्दोलनमा भएको घुसपैठका कारण धनजनको अतुलनीय क्षति प्रति घोर आपत्ति र दु:ख प्रकट गर्दछौ । यस विषम परिस्थितिमा नेपालको संविधान २०७२ बाट स्थापित स्थानीय तहको जनताबाट बहुमत प्राप्त सरकारको हैसियतले जनता प्रति थप उत्तरदायी र जिम्मेवार भएर सेवा प्रवाह गर्ने भनि प्रतिवद्धता गर्दछौ ।

**निर्णय नं. ३** माथि छलफल गर्दा प्लान ईन्टरनेशनल नेपाल र मानव अधिकार तथा वातावरण केन्द्र हुरुन्डेक नेपाल कालीकोट तथा वार्म नेस्ट फाउन्डेसन को सहयोगमा आ.व २०८२/०८३ मा रास्कोट नगरपालिका अन्तर्गतका विद्यालयहरुमा निर्माण हुने शौचालयका लागि रास्कोट नगरपालिकाको तर्फबाट रु ८,००,००० ।- (अक्षरुपी आठ लाख मात्र ) लागत साझेदारी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा रास्कोट नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने नगरस्तरीय, अन्तरपालिका, वडा स्तरीय, विद्यालय स्तरीय तथा अन्य स्वीकृत खेलकुद गतिविधिहरूका साथै कालीकोट जिल्ला भित्र आयोजना हुने विभिन्न खेलकुद प्रतियोगिता, प्रशिक्षण, खेल प्रतिभा विकास, खेलाडी छनोट, खेलकुद महोत्सव तथा खेलकुद प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरूको सञ्चालन, व्यवस्थापन, समन्वय, प्रतिनिधित्व तथा सहभागिता व्यवस्थापन गर्ने जिम्मेवारी नगर खेलकुद विकास समिति, रास्कोटलाई प्रदान गर्ने निर्णय गरियो ।